समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, १ नं. प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०७९/०५/१० बैठक संख्या: ११

बैठक प्रारम्भ समय: दिनको ११:०० बजे बैठक समापन समय: बजे

| क्र. स | पद | पदाधिकारीको नाम | दस्तखत | कै. |
|---|---|---|---|---|
| १ | नगरकार्यपालिका प्रमुख तथा नगरप्रमुख | श्री महेश थपलिया | | |
| २ | नगरकार्यपालिका सदस्य तथा नगरउपप्रमुख | श्री महेश्वरा श्रेष्ठ | | |
| ३ | नगरकार्यपालिका सदस्य, वडा नं. १ | श्री निरञ्जन श्रेष्ठ | | |
| ४ | नगरकार्यपालिका सदस्य, वडा नं. २ | श्री योगेन्द्र थापा | | |
| ५ | नगरकार्यपालिका सदस्य, वडा नं. ३ | श्री भरतकुमार घिमिरे | | |
| ६ | नगरकार्यपालिका सदस्य, वडा नं. ४ | श्री विनोद कुमार गुरुङ | | |
| ७ | नगरकार्यपालिका सदस्य, वडा नं. ५ | श्री टंकबहादुर घिमिरे | | |
| ८ | नगरकार्यपालिका सदस्य, वडा नं. ६ | श्री अर्जुन तामाङ | | |
| ९ | नगरकार्यपालिका सदस्य, वडा नं. ७ | श्री देवबहादुर पुँवार मगर | | |
| १० | नगरकार्यपालिका सदस्य, वडा नं. ८ | श्री डम्बरबहादुर कटुवाल | | |
| ११ | नगरकार्यपालिका सदस्य, वडा नं. ९ | श्री विमलराज गौतम | | |
| १२ | नगरकार्यपालिका सदस्य, वडा नं. १० | श्री बेदबहादुर चौहान | | |
| १३ | नगरकार्यपालिका सदस्य, वडा नं. ११ | श्री अनिल राई लोहोरुङ | | |
| १४ | नगरकार्यपालिका सदस्य, वडा नं. १ | श्री नरेन्द्रकुमार राई मेवाहाङ | | |
| १५ | नगरकार्यपालिका सदस्य, वडा नं. ११ | श्री दिपेन्द्र राई लोहोरुङ | | |
| १६ | नगरकार्यपालिका सदस्य, वडा नं. ५ | श्री डम्बरबहादुर घले | | |
| १७ | नगरकार्यपालिका सदस्य, वडा नं. ३ | श्री ईन्द्रमाया वराईली | | |
| १८ | नगरकार्यपालिका सदस्य, वडा नं. ७ | श्री ललिता आले मगर | | |
| १९ | नगरकार्यपालिका सदस्य, वडा नं. २ | श्री राधा ओझा | | |
| २० | नगरकार्यपालिका सदस्य, वडा नं. १० | श्री दुर्गा मगर | | |
| २१ | नगरकार्यपालिका सदस्य, वडा नं. ४ | श्री पवित्राकुमारी गुरुङ | | |
| २२ | नगरकार्यपालिका सचिव | श्री युवराज आचार्य | | |
| आमन्त्रित (सचिवालय) | | | | |
| १ | प्रशासन सहायक चौथो | श्री भोजराज चौलागाई | | |
| २ | नगरप्रमुखज्यूको निजी सचिव | श्री गोकुल खनाल | | |
| ३ | नगर उपप्रमुखज्यूको निजी सचिव | श्री सरोज श्रेष्ठ | | |

**<u>निर्णय नं. १:</u>** भू उपयोग ऐन र नियमावली तथा संघीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निबारण मन्त्रालयका परिपत्र अनुसार भू उपयोग प्रयोजनका लागि नगर क्षेत्रभित्रको जग्गालाई बर्गिकरण गर्नका लागि कार्यक्रम अगाडि बढाउनका लागि जग्गाधनीको स्वयं घोषणा लिनको लागि नगरपालिकाले २२ जना गणक नियुक्ती गर्ने प्रकृया अगाडि बढाउने । गणकहरु नियुक्ती गर्दा सम्बन्धित वडामा काम गर्न सम्बन्धित वडाका उम्मेदवारहरुलाई नै प्राथमिकता दिने । यस कार्यका लागि यस अघि नगर कार्यपालिकाबाट प्रकाशित सूचनालाई अनुमोदन गर्ने । गणक तथा जनप्रतिनिधिहरुलाई अभिमुखीकरण कार्यक्रम संचालन गरी प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्ने र अन्य आवश्यक कार्य गर्दै उक्त कार्य पुरा गर्ने । यस कार्यका लागि लाग्ने खर्च नगरपालिकाको सम्बन्धित उपशिर्षकहरुबाट व्यहोर्ने ।

**<u>निर्णय नं. २:</u>** उत्तर दक्षिण अरुण प्रवेश मार्गको अधिकार क्षेत्रभित्र पर्ने र यस अघि मुआब्जा वितरण भई सकेका जग्गाहरुको लगत कट्टा गर्ने कार्यका लागि जग्गा कित्ताकाट लगायतका कार्यमा लाग्ने केही खर्च नगरपालिकाको तर्फबाट व्यहोर्ने ।

**<u>निर्णय नं. ३:</u>** खाँदबारी नगरपालिकामा औद्योगिक ग्राम स्थापना गर्नका लागि यसै नगरपालिका वडा नं. ९ स्थित तुर्के बगर (सडक कार्यालय पछाडि) रहेको जग्गा प्राप्त गर्नका लागि सहजिकरण गर्नका लागि वडा नं. ९ वडा अध्यक्ष श्री विमलराज गौतम र प्रशासकीय अधिकृत दिनेश कट्टेललाई जिम्मेवारी तोक्ने ।

**<u>निर्णय नं. ४:</u>** नगर प्रमुख, उपप्रमुख लगायत सम्पूर्ण जनप्रतिनिधिहरु निर्वाचित भएको १०० दिन पुगेको अवसरमा मिति: २०७९/०५/१२ गते एक कार्यक्रम गरी उक्त अवधिमा प्राप्त उपलब्धिहरु सार्वजनिक गर्ने ।

**<u>निर्णय नं. ५:</u>** खाँदबारी नगरपालिका वडा नं ९ स्थित श्री चन्द्रोदय आवि ढुंगेविसाउनीको मिति २०७९।०४।३१ गतेको विद्यालय व्यवस्थापन समिति तथा आमभेलाले उक्त विद्यालय खाँदबारी नगरपालिका वडा नं ९ स्थित श्री वागीश्वरी माध्यमिक विद्यालय ढुंगेधारामा समायोजन गर्ने निर्णय गरेको, त्यसैगरी श्री वागीश्वरी मावि ढुगेधाराको वि.ब्य.स.को मिति २०७९।०५।०६ को बैठकले समेत श्री चन्द्रोदय आवि ढुंगेविसानी उक्त विद्यालयसँग समायोजन हुन सहमति दिने निर्णय गरेको हुँदा खाँदबारी नगरपालिकाको शिक्षा नियमावली २०७५ को नियम १६ को उपनियम (ङ) तथा सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

[illegible]
प्रमुख प्रशासकीय अधिकृत

को नियम ८ बमोजिम समायोजनका लागि आवश्यक निर्णयार्थ नगर शिक्षा समितिको मिति २०७९/५/९ को बैठक निर्णयबाट सिफारिस प्राप्त भएकोले उक्त कार्यविधिले दिएको अधिकार क्षेत्रको प्रयोग गरी साविकको चन्द्रोदय आ वि ढुंगेविसाउना श्री वागीश्वरी माध्यमिक विद्यालय ढुंगेधारामा समायोजन गर्ने।

<u>निर्णय नं. ६: </u>खाँदबारी नगरपालिका वडा नं ९ स्थित श्री चन्द्रोदय आवि ढुंगेविसाउनी खाँदबारी नगरपालिका वडा नं ९ मा रहेको श्री वागीश्वरी माध्यमिक विद्यालय ढुंगेधारामा समायोजन भएपश्चात समायोजनमा आएको साविक विद्यालय चन्द्रोदय आवि ढुंगेविसाउनीका नामबाट प्राप्त भएको सबै जग्गाहरु विदूषी योगमाया आयुर्बेद विश्वविद्यालयका नाममा हस्तान्तरण गर्न मिति २०७९/०५/०९ को विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णयले सहमति प्रदान गरेको हुँदा उक्त जग्गा विश्वविद्यालयका नाममा हकभोग हस्तान्तरणको लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा अनुरोध गर्न कार्यपालिकामा सिफारिस गर्ने नगर शिक्षा समितिको मिति २०७९/५/९ को निर्णयबाट सहमती प्राप्त भएको हुँदा उक्त जग्गाको हक विदूषी योगमाया आयुर्वेद विश्व विद्यालयको नाममा हस्तान्तरणका लागि प्रकृया अगाडि बढाउन विद्यालय सम्पती संरक्षण समिति मार्फत शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय समक्ष अनुरोध गर्ने, गराउने । साथै समायोजन भएको चन्द्रोदय आ.वि. मा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई हालका लागि बागेश्वरी मा.वि. मा नै स्थानान्तरण गर्ने ।

<u>निर्णय नं. ७: </u>गत विगतमा भएको बर्षादका कारण यस नगरपालिका भित्रका विभिन्न सडकहरु क्षतिग्रस्त भएकोले नगरभित्रका निम्न मुख्य शाखा सडकहरु प्राथमिकताक्रमका आधारमा मर्मत सम्भार कोषबाट रकम खर्च हुने गरी मर्मत सम्भार गर्ने । नगरपालिकाको ब्याक-हो-लोडरले नभ्याउने अवस्था आएमा अन्य ब्याक-हो-लोडर समेत भाडामा लिने ।

<u>निम्न:</u>

क. खाँदबारी कल्छे हुँदै डकेसम्मको सडक ।
ख. जिरो पइन्टबाट बडहरेनी जाने सडक ।
ग. चेवा पानीट्याङ्की-बतासे-चापाबोटे हुँदै हेलुवाबेशी सडक ।
घ. वडा नं. ५ जाने सडक र वडा नं. ३ हुँदै वडा नं. ३ जाने सडक ।
ङ. मानेभञ्ज्याङ -अरुणथान- हरेलो सडक ।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित
[illegible] आचार्य
प्रमुख प्रशासकीय अधिकृत

च. मानेभञ्ज्याङ -अरुणथान- हरेलो हुँदै भ्याङखोला सडक ।

छ. चारधारा-ठाँटीडाँडा हुँदै वडा कार्यालय ११ जाने सडक ।

ज. ठाँटीडाँडा -कोक्तिमा-माङदिङ गाउँ हुँदै वडा कार्यालय ११ सम्म जाने सडक ।

झ. चिसापानी-माल्टा-लेलुवा सडक ।

ञ. गिद्दे -रयाले -चेवाबेशी सडक ।

निर्णय नं. ८: खाँदबारी नगरपालिकाले स्थापना गरेको निर्माण ल्याब संचालनका लागि एक जना हेल्पर कर्मचारी करारमा नियुक्त गर्ने ।

निर्णय नं. ९: मर्मत सम्भार कोषबाट विभिन्न मर्मत कार्य गर्नका एउटा योजनाका लागि रु.५ लाखसम्म निर्णय गर्ने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्ने । उक्त कार्यको अनुमोदन कार्यपालिकाबाट गराउने ।

निर्णय नं. १०: नगर क्षेत्रभित्रका निम्न व्यक्तिहरु विभिन्न रोगबाट पिडित भएको र औषधोपचार सहयोग पाउँ भनी निवेदन प्राप्त हुन आएको हुनाले उल्लेखित व्यक्तिहरुलाई आर्थिक सहायता उपशिर्षकबाट निम्नानुसार रकम उपलब्ध गराउने निर्णय गरियो ।

तपिसल:

| सि.नं. | व्यक्तिको नाम, थर | ठेगाना | रकम रु. |
|---|---|---|---|
| १ | तारा तिम्सीना (क्यान्सर पिडित) | वडा नं. ३ | ३०,०००।– |
| २ | लिलामाया जति (मृगौला रोगी) | | ३०,०००।– |
| ३ | शिव कुमार खवास (क्यान्सर पिडित) | | ३०,०००।– |

निर्णय नं. ११: खाँदबारी नगरपालिका वडा नं. ९ स्थित तुम्लिङटार बजारको साप्ताहिक हाट लाग्ने स्थानमा एउटा सार्वजनिक शौचालय निर्माण निर्माण गर्ने ।

निर्णय नं. १२: यस खाँदबारी नगरपालिका क्षेत्रभित्रका मुख्य बजारहरुमा सडक बत्ती जडान कार्यको लागि अरुण तेस्रो जलविद्युत आयोजना कार्यान्वयनकर्ता SJVN संग प्रस्ताव पेश गर्ने ।

निर्णय नं. १३: योगमाया विश्वविद्यालयको जग्गा व्यवस्थापनको सम्बन्धमा 'ग' ब्लकको जग्जा समेत प्राप्त गर्नका लागि जिल्ला प्रशासन कार्यालयलाई सिफारिस गर्ने ।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १४:** खाँदबारी नगरपालिकाको अगुवाईमा यस बर्षको हरितालिका तिज कार्यक्रम आयोजना गर्ने र सो कार्यका लागि नगरपालिकाको मिल्दोजुल्दो उपशिर्षकबाट रु. १ लाख रकम विनियोजन गर्ने ।

**निर्णय नं. १५:** नगरपालिकाको कामकारबाहीको सम्बन्धमा आईपर्ने विभिन्न कानूनी प्रश्न निरुपण गर्न, न्यायिक निकायहरुमा नगरपालिकाको तर्फबाट प्रतिउत्तर, प्रतिरक्षा र बहस पैरवी गर्न र न्यायीक समितिको काम कारबाहीलाई सहजिकरण गर्नका लागि यस एक जना कानूनी सल्लाहकार नियुक्त गर्ने ।

**निर्णय नं. १६:** खाँदबारी नगरपालिका वडा नं. १ स्थित टुँडिखेलमा रहेको आयमूलक भवनका कोठाहरुलाई मध्ये दुईवटा कोठा लाई चिस्यान केन्द्रको रुपमा र २ वटा कोठाहरु अर्ग्यानिक तरकारी संकलन तथा भण्डारण कार्यका लागि उपयोग गर्ने । हाललाई घरभाडाको नयाँ सम्झौता नगर्ने ।

**निर्णय नं. १७:** विपद्का कारण पिडित जनताहरुलाई राहत तथा पुनर्थापनाका लागि नगरपालिकामा प्राप्त निवेदनहरु विपद् व्यवस्थापन समितिले अध्ययन विश्लेषण गरी राहत रकम माग गर्न प्रदेश सरकारलाई सिफारिस गर्ने भए सिफारिस गर्ने र अति पिडितहरुलाई नगरपालिकाले राहत उपलब्ध गराउनु पर्ने भए समितिको सिफारिसमा नगरपालिकाले उपलब्ध गराउने ।

**निर्णय नं. १८:** नगर क्षेत्रमा खेलकुद प्रबर्धन गर्नका लागि महिला तथा पुरुष खेलाडीहरु संलग्न प्रतियोगिता समावेश गरी "खाँदबारी नगर कप" आयोजना गर्ने ।

**निर्णय नं. १९:** यस नगरपालिकाभित्र रुद्राक्षमा कर लगाउनको लागि आवश्यक अध्ययन गरी प्रतिवेदन पेश गर्न आर्थिक विकास समितिलाई जिम्मेवारी दिने ।

**निर्णय नं. २०:** नगर स्तरीय योजना तथा कार्यक्रम अनुगमन समितिमा हालका लागि प्राविधिकको रुपमा प्रधानमन्त्री रोजगार कार्यक्रमका प्राविधिक पवन कार्कीलाई जिम्मेवारी प्रदान गर्ने ।

**निर्णय नं. २१:** वडा कार्यालयहरुले वडा अध्यक्ष र वडा सचिवको संयुक्त दस्तखतमा आफ्नो छुट्टै गैर सरकारी प्रकृतिको खाता खोल्न चाहेमा नगरपालिकाले सिफारिस गरी दिने ।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित
आचार्य
प्रमुख प्रशासकीय अधिकृत

**<u>निर्णय नं. २२:</u>** चेवाबेशी बसपार्कमा खानेपानी र सार्वजनिक शौचालयको अभाव भएको कारण व्यवस्थापनका गर्ने ।

**<u>निर्णय नं. २३:</u>** डा.राजु अधिकारीद्वारा लिखित बनौं संस्कारी नागरिक पुस्तक र त्यस पुस्तका अंशहरु यस नगरपालिकाभित्रका सामुदायिक तथा निजी विद्यालयहरुमा कक्षा ९ र १० को अतिरिक्त पाठ्यक्रममा राखी पठनपाठन शुरु गर्ने । त्यसका लागि आवश्यक संख्यामा क्रमश: उक्त पुस्तक र त्यसका अंशहरु छपाई गर्ने । सो कार्यका लागि आवश्यक रकम बजेट उपलब्धताका आधारमा खर्च गर्ने ।

**<u>निर्णय नं. २४:</u>** नगर शिक्षा समिति र नगर प्रमुखबाट नगर शिक्षा समितिमा मनोनयन गरेका व्यक्तिहरुको बारेमा यस कार्यपालिका बैठकमा जानकारी प्राप्त भयो ।

**<u>निर्णय नं. २५:</u>** कोभिड-१९ संक्रमितहरुको राहतको लागि प्राप्त रकम फ्रिज भएको भन्ने विषयमा बनेको छानविन समितिले यथाशिघ्र नगर कार्यपालिकामा पेश गर्ने ।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत